घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्धारा प्रकाशित

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष ३ | अंक ३२ | २०७६ फाल्गुन २ गते, शुक्रबार |
|---|---|---|---|

**घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७६।१०।२५ मा स्वीकृत भएको घोडाघोडी नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागी प्रकाशन गरिएको छ ।**

## प्रस्तावनाः

तीव्र रुपमा बढिरहेको जनसंख्या तथा अव्यवस्थित शहरीकरणका कारण शहरी क्षेत्रको फोहर व्यवस्थापन चुनौती पूर्ण हुँदै गएको छ । जसको परिणाम स्वरुप पर्यावरणीय क्षयीकरणका कारण प्रदुषण तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु समेत विनाशको जोखिममा रहेका छन । सार्वजनिक स्थानहरु जस्तै नदी किनारहरु, सडक किनारा, मन्दिरहरु, शिक्षण संस्थाहरु, व्यापारिक तथा औधोगिक प्रतिष्ठानहरु तथा निजि घर परिसरहरुमा खुल्ला फोहर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पार्ने खतरा बढ्दै गएको हुँदा फाहोर मैलालाई स्रोतमा न्यूनिकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी ब्यबस्थित गर्न वान्छनीय भएको तथा सरसफाई एवं फोहरमैला ब्यबस्थापन गर्ने बिषय नेपाल सरकारले प्रतिबद्धता ब्यक्त गरेको दीगो बिकासको लक्ष्य समेत भएको सन्दर्भमा नगर कार्यपालिकाको बैठकबाट घोडाघोडी नगरपालिकाको फोहरमैला ब्यबस्थापन तथा सरसफाई कार्यविधि २०७६ बनाई लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम “घोडाघोडी नगरपालिकाको फोहरमैला ब्यवस्थापन तथा सरसफाई कार्यविधि २०७६” रहेको छ ।

(२) यो निर्देशिका तत्काल लागु हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा

(क) “प्रदुषण” भन्नाले फोहरमैलाबाट निस्कनेको,तरल ठोस वा ग्याँस वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुर्‍याउने क्रियाकलापलाई सम्झनु पर्दछ।

(ख) “प्रशोधन” भन्नाले फोहरमैलाको रूप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहारमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नेपाल सरकारबाट नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(घ) “प्रशोधन केन्द्र” भन्नाले फोहर मैलालाई प्रशोधन गरी मल, ग्याँस, उर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य संचालन गर्ने स्थान सम्झनु पर्दछ ।

(ङ) “वडा” भन्नाले घोडाघोडी नगरपालिकाका सम्पुर्ण वडा सम्झनुपर्दछ ।

(च) “कार्यालय” भन्नाले नगरपालिकाको कार्यालय सम्झनु पर्छ र यो शब्दले नगरपालिकाको प्रशासनिक संगठनात्मक स्वरुपको रुपमा स्थापना गरिएको वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(छ) “शाखा” भन्नाले नगरपालिकाको बन वातावरणा तथा फोहरमैला ब्यवस्थापन शाखालाई सम्झनुपर्छ ।

(ज) “विसर्जन” भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्दछ ।

घोडाघोडी स्थानीय राजपत्र

**३.अनुमति लिई सरसफाई सम्बन्धी कार्य संचालन गर्नु पर्ने :**

नगरपालिका क्षेत्रभित्र कुनै पनि संस्थाले फोहरमैला व्यबस्थापन तथा सरसफाई सम्बन्धी कार्यक्रम संचालन गर्नु अघि यस निर्देशिका बमोजिम स्वीकृति लिई नगरपालिकाले तोकिदिए बमोजिम गर्नु पर्नेछ ।

**४.सरसफाई तथा फोहरमैला ब्यबस्थापन कार्यक्रमका उद्धेश्यहरु**

(क) सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी समुदायलाई फोहरमैला व्यवस्थापन क्रियाकलापमा सक्रिय सहभागी गराउने ।

(ख) विभिन्न प्रकारका फोहरहरुलाई घर तथा सामुदायिक स्तरमै कम्पोष्ट बनाउने तथा पुनर्चक्रीय प्रयोगलाई प्रबर्द्धन गर्ने ।

(ग) पर्यावरण संरक्षण तथा सरसफाई तथा फोहरमैला व्यवस्थापनको अनुसन्धान कार्यक्रमहरु नविनतम तरीकाले संचालन तथा प्रबर्द्धन गर्ने ।

(घ) विभिन्न नविनतम तरीकाको माध्यमबाट फोहर व्यवस्थापनको लागि समुदायको क्षमता
बृद्धिगर्ने

(ङ) वृक्षारोपण, जैविक खेती, कौसी खेती जस्ता कार्यहरु संचालन र प्रबर्द्धन गर्ने ।

(च) फोहरमैला व्यवस्थापनको क्षेत्रमा रोजगारीका अवसरहरु सृजना गर्ने ।

(छ) प्रतिवेदन, पुस्तकहरु, शैक्षिक तथा जानकारी मुलक सामग्रीहरुको माध्यमबाट प्रचार प्रसार गर्ने ।

(ज) हरेक वडामा नर्सरी संचालन गर्न समुदायलाई अभिप्रेरीत गर्ने ।

(झ) जागरणका लागि शाखाको र साझेदार निकायको समन्वय र वडा कार्यालयको अगुवाईमा बिद्यालय, स्वास्थ्य संस्था, सामाजिक संघ संस्थाहरु तथा टोल सुधार समितिहरुलाई परिचालन गर्ने ।

(ञ) घर कम्पाउण्ड बाट फोहर मैला संकलन तथा व्यवस्थापन सम्बन्धी सेवा बिस्तार गरी नगरपालिकाका सबै क्षेत्रमा बिस्तार गर्ने ।

(ट) फोहर मैला संकलनको प्रभावकारीता बृद्धि गरी आफ्ना कार्यक्षेत्रको सडक किनाराको सौन्दर्यता अभिबृद्धिका साथै हरित सडकको अवधारणा कार्यान्वयन गर्ने ।

(ठ) सरसफाई र फोहर मैला व्यवस्थापन सम्बन्धमा मानिसहरुको व्यवहार तथा प्रवृत्तिमा परिवर्तन ल्याउने ।

(ड) फोहरमैलाको उत्पादनलाई श्रोतमै कमी गराउने, छुट्याईएको फोहरलाई घर-घरमै कम्पोष्ट बनाउन प्रोत्साहन गर्ने र सामुदायिक कम्पोष्ट प्लान्टको समेत स्थापना गरी सञ्चालन गर्ने, कम्पोष्ट उत्पादनलाई स्थानीय कृषकहरु सम्म पुर्याउन सहजीकरण गर्ने ।

**५.सरसफाई तथा फोहरमैला ब्यबस्थापनको कार्यक्षेत्र :**

घोडाघोडी नगरपालिकाको सबै क्षेत्र ।

**६.साझेदार निकायसँग हुनु पर्ने संसाधनहरु** :

फोहरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रण, सरसफाई तथा वातावरणीय सुधारको क्षेत्रमा कार्यरत रही कम्तिमा ३ (तीन) बर्षको अनुभव भएको संस्था संग सहकार्य गरिने छ। संस्थाको व्यवस्थापन सँग फोहरमैला व्यवस्थापनका लागि कम्तिमा निम्न संख्यामा आवस्यक शाधन रहेको हुनुपर्ने छ :

(क) मानव जनशक्ति : ५ जना

(ख) ब्याक लोडर (डोजर) : १ थान

(ग) हेभी टिपर : १ थान

(घ) घरदैलो संकलनमा प्रयोग हुने मझौला टिपर : २ थान

(ङ) घरदैलो संकलनमा प्रयोग हुने साना ट्रक : ३ थान

(च) आवश्यक संख्यामा : औजार तथा उपकरणहरु

**७.फोहरमैला व्यवस्थापनका लागि कार्यान्वयन विधिः**

स्थानीय सरकार संचालन ऐन, २०७४, फोहरमैला ब्यबस्थापन ऐन, २०६८, वातावरण संरक्षण ऐन, २०५३ लगायत अन्य सम्बन्धित ऐन समेतका आधारमा घोडाघोडी नगरपालिका क्षेत्रभित्र सरसफाई तथा फोहरमैला ब्यबस्थापनलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।

(क) फोहरमैला संकलन, ढुवानी र व्यवस्थापनः घर, पसल, होटल, रेष्टुरेण्ट, विद्यालय, कलकारखानाबाट निस्किने फोहरलाई उत्पादन स्थल बाटै उठाई समुचित व्यवस्थापन गर्ने ।

(ख) सडक तथा सार्वजनिक स्थलहरुको सरसफाईः कार्यक्षेत्र भित्र पर्ने सडक, गल्ली, खोला किनार, चउर, मन्दिर, पाटी जस्ता सार्वजनिक स्थलहरु सफा राख्ने, राख्न लगाउने ।

(ग) जनचेतना अभिबृद्धि र तालिमः गोष्ठी, अन्तरक्रिया, र्‍याली, माईकिङ्ग, जस्ता जनचेतना अभिबृद्धिका कार्यक्रम र तालिमहरु संचालन गरी टोलबासीहरुलाई स्थानीय सरसफाई कार्यमा उत्प्रेरित र क्रियाशील बनाउने ।

(घ) हरियाली विकासः ल्याण्डफिल क्षेत्र र कम्पोष्ट क्षेत्र वरिपरि तथा सम्भावित सार्वजनिक स्थलहरुमा समेत उपयुक्त जातका रुख बिरुवाहरु र फूलहरु रोपी हरियाली विकास गर्दै नगरको सौन्दर्यता विकास गर्ने ।

(ङ) फोहरमैला वर्गीकरणः जैविक र अजैविक फोहरमैला अलग अलग राख्ने कार्यलाई पूर्ण व्यवहारिक बनाई पुनः चक्रिय प्रयोगलाई प्रोत्साहित गर्ने ।

(च) **सुईरो कार्यक्रमः** कार्यक्षेत्रलाई प्लाष्टिक रहित बनाउनको लागि शहरी क्षेत्रका सबैघरमा सुईरो वितरण गरी सुईरोमा संकलित प्लाष्टिकको पुनःप्रयोग अभियान सञ्चालन गर्ने ।

(छ) कम्पोष्टिङ्ग तथा पुनःप्रयोगः जैविक फोहरबाट समुदायस्तरमा स्तरीय कम्पोष्ट मल बनाउने तथा फोहरको पुनःप्रयोगका लागि ईच्छुक परिवारका सदस्यलाई ज्ञान-सीप उपलब्ध गराई घरघरमा समेत कम्पोष्ट उत्पादन गर्न प्रोत्साहित गर्ने ।

(ज) सफा शहर सबैको रहरः अभियानको रुपमा संचालन गर्ने ।

(झ) समुदायको परिचालनः नगरक्षेत्र भित्रको फोहरमैला ब्यबस्थापन र सरसफाई लाई प्रभावकारी बनाउन सामाजिक संघ संस्था, स्थानीय क्लवहरु, गैरसरकारी क्षेत्र, नीजी क्षेत्र र अन्य सरोकारवाला सबैलाई परिचालन गरी सरसफाई तथा फोहरमैला ब्यबस्थापनमा नमुना नगरको रुपमा स्थापित गर्न अभियान संचालन गर्ने ।

(ञ) **शून्य फोहर**ः शून्य फाहोरको अवधारणा अनुरुप अगाडी बढ्ने ।

(ट) **प्लाष्टिक मुक्त शहर**ः वातावरणमा नकरात्मक असर पार्ने तोकिएको मापदण्ड नपुगेका प्लाष्टिक बिक्री वितरण र प्रयोग नगर्ने, नगराउने ।

(ठ) सार्वजनिक क्षेत्रको सरसफाईः आफ्नो टोल भित्रको सार्वजनिक सार्व क्षेत्र (जस्तै : सडक, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, खेत, बारी, कान्ला, वन, तथा चौर आदी) मा प्लाष्टिक, सड्ने तथा नसड्ने खालका फोहर एवं खुला दिसा (मान्छे तथा कुकुरको) नरहने अवस्था हुनु पर्दछ ।

(ड) टोलको सरसफाईः टोल सुधार समिति वा समुदायका सदस्यहरुले फोहरमैला ब्यबस्थापनका लागि तोकिएको संस्थासंगको समन्वयमा वडा कार्यालय समेतलाई सूचना गरी कम्तिमा महीनाको एक पटक आफ्नो समुदायको क्षेत्रभित्र सामूहिकरुपमा सरसफाई अभियान संचालन गर्ने छन । त्यस्तो संचालित अभियानको अभिलेख अनिवार्य रुपमा वडा कार्यालय र फोहरमैला ब्यस्थापनमा खटिएको संस्थाले राख्ने छ ।

(ढ) घर आँगन र सो बाहिरको सडकको सरसफाईः प्रत्येक घरले आफ्नो घर आँगन सफा राख्ने र राख्न लगाउनुपर्नेछ । आफ्नोआँगन बाहिरको घरको क्षेत्र संगै रहेको सडक समेत नियमित रुपमा सरसफाई गर्नु गराउनु पर्दछ ।

(ण) घर बाहिर निश्कासन गरिने फोहरः घरबाट निश्कासन हुने फोहर सडक, पेटी र सार्वजनिक स्थल जस्ता स्थानमा जम्मा नगरी सिधै फोहर संकलन गर्न आउने सवारी साधनमा राख्ने, राख्न लगाउने ।

**८.नगरपालिकाले गर्ने :**

(क) ल्याण्डफिल र कम्पोष्ट प्लान्टका लागि उपयुक्त स्थानमा जग्गा पहिचान गरी निर्धारण गर्ने
।

(ख) सार्वजनिक स्थलमा फोहरमैला फ्याक्न नपाउने र फोहर गरेमा हुने सजाय सहितको सूचना जारी गर्ने ।

(ग) हाल नगरपालिकाको सरसफाई कार्यमा परिचालित साधनको प्रभावकारी उपयोग गर्ने ।

घोडाघोडी स्थानीय राजपत्र

(घ) नगरपालिकामा रहेका ढुवानी साधनलाई साझेदारीमा कार्यगर्दाका बखत आपसी सहमतीबाट परिचालन गर्ने ।

(ङ) तत्कालको ब्यवस्थापनका लागि साझेदारीको अवधारणा अनुरुप कार्य गर्दा आपसी छलफलबाट निर्क्यौल गरिए अनुसार प्रक्रिया अगाडी बढाउने । दीर्घकालिन समाधानका लागि अध्ययन गरी नगरपालिकाले आवश्यक प्रक्रिया अगाडी बढाउने छ ।

(च) सम्पादित कामको अनुगमन तथा मूल्याँकनबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक सुधारात्मक उपाय अपनाउने ।

(छ) समय समयमा निर्देशन दिई सरसफाईतथा फोहरमैला ब्यवस्थापनलाई सहज बनाउन आवश्यक भूमिका वहन गर्ने ।

(ज) सूचनालाई अटेर गरी अनाधिकृत रुपमा फोहरमैला फ्याक्नेलाई फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम दण्ड र फोहरमैला संकलन तथा व्यवस्थापनमा सहयोग गर्नेव्यक्ति/संघ संस्थालाई प्रोत्साहन (पुरस्कार) को व्यवस्था गर्ने ।

(झ) घरदैलो फोहरमैला संकलनको सेवा वापत सदस्यता अनिवार्य लिनुपर्ने गरी वडा कार्यालयले आवश्यक सहजीकरण गर्नेछ।

(ञ) प्रत्येक वडामा वडा कार्यालयको अगुवाईर संलग्न साझेदार वा जिम्मेवार संघ संस्थाको समन्वयमा वडा लगत समेत संकलन गरी सरसफाई तथा फोहरमैला ब्यबस्थापन सम्बन्धी जागरण ल्याउने कार्यक्रमहरु संचालन गर्ने ।

(ट) नगरपालिका क्षेत्रभित्र सरसफाई तथा फोहरमैला ब्यबस्थापनको तत्कालिन ब्यबस्थापन गर्न साझेदार निकाय संग कार्य गर्दा पर्याप्त साधन, जनशक्ति, नगरको फाहोर ब्यबस्थापन गर्न तोकिएको ल्यान्डफिल्ड साईट सम्मको पहुँच, फोहर ब्यबस्थापन र सरसफाईमा दक्षता भएको फर्म वा संघ संस्था संग गरिनेछ ।

**९.समुदायको जिम्मेवारी :**

(क) कुनै पनि सार्वजनिक स्थानमा फोहरमैला नफ्याक्ने, फ्याँक्न नदिने ।

(ख) भान्छा भान्छा बाटै फोहर वर्गीकरण गर्ने/गराउने ।

(ग) घरको फोहरलाई घरमै ब्यबस्थित गर्न नगरपालिकाबाट चालिएको अभियानलाई सहयोग गर्ने ।

(घ) फोहरमैला सरसफाई तथा ब्यवस्थापनमा संलग्न भएका जिम्मेवार निकायको कार्य प्रभावकारी नभएमा तुरुन्त वडा कार्यालयमा सम्पर्क गरी सूचना दिने ।

(ङ) समय समयमा वडा कार्यालयले दिएको सूचना बमोजिमका कार्य गर्ने ।

(च) फोहर संकलनमा खटिई आउने ढुवानी साधनमा फोहरमैला उपलब्ध गराउने ।

(छ) तोकिए बमोजिमको सदस्यता कार्ड लिई मासिक रकम भुक्तानी गर्ने ।

(ज) सरसफाई तथा फोहरमैला ब्यवस्थापन सम्बन्धी सार्वजनिक कार्यक्रममा अनिवार्य सहभागी हुने र अरुलाई पनि सहभागी हुन आव्हान गर्ने ।

(झ) नगरपालिकाले बेला बेलामा प्रकाशित गरेको सूचनाहरुको पालना गर्ने ।

**१०.साझेदार निकायको दायित्व :**

(क) कार्यान्वयन कर्ताको रुपमा साझेदार निकायले फाहोर उत्सर्जनको अवस्था हेरी शहरी क्षेत्रमा कम्तिमा हप्ताको दूईपटक र ग्रामिण क्षेत्रमा कम्तिमा हप्ताको एक पटक फोहर संकलन सम्बन्धी कार्य गर्नेछ ।

(ख) फाहोर संकलन गरी प्रशोधन केन्द्रसम्म लैजादा फोहर बोक्ने साधन ढाकिएको अवस्थामा हुनुपर्नेछ ।

(ग) वडा कार्यालयको अगुवाईमा सरसफाई तथा फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यको समन्वय गरी संचालन गर्नुपर्ने छ ।

(घ) फोहरलाई स्रोतमै बर्गीकरण गरी घर घरमा ब्यबस्थापन हुने तौर तरिकाहरु समुदाय तथा घर घर मा सिकाउनु पर्ने छ ।

(ङ) सम्पादित कार्यको प्रभावकारीताको अनुगमन तथा मूल्यांकन गर्दा प्राप्त पृष्ठपोषणका आधारमा वडा कार्यालय र नगरपालिकाले समय समयमा दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

(च) प्रशोधन केन्द्रमा लामो समय फोहर नराखी सम्बन्धित विसर्जन स्थलसम्म शीघ्र पुऱ्याउनु पर्दछ ।

(छ) सरसफाई तथा फोहरमैला ब्यबस्थापनमा भएको दक्षताको पूर्ण प्रयोग गरी नगरपालिकालाई सरसफाई तथा फोहरमैला ब्यबस्थापन भएको अग्रणी नगर बनाउने अभियानमा सघाउनु पर्नेछ ।

(ज) सार्वजनिक स्थलमा देखिएको फोहरलाई अविलम्ब हटाई त्यस्तो स्थानमा फोहर गर्ने ब्यक्ति वा संस्थालाई आवश्यक कारवाहीका लागि नगरपालिकामा यकिन प्रतिवेदन सहित पेश गर्नुपर्ने छ ।

(झ) सार्वजनिक क्षेत्रका स्थलहरु सधैं फोहर रहित हुनुपर्ने छ ।

(ञ) घोडाघोडी  नगरपालिका वासीहरु फोहर व्यवस्थापनका लागि जिम्मेवार छन भन्ने सन्देश प्रवाह हुनेगरी कार्यसंचालन गर्नुपर्नेछ ।

(ट) वोटविरुवा लगाई घर तथा सडक हरियाली युक्त बनाउन नगरपालिकाको अभियानलाई सफल बनाउन आवश्यक सहयोग गर्नुपर्ने छ ।

**११.सरसफाई तथा फोहर ब्यबस्थापन शुल्क**

सरसफाईः तथा फाहोर ब्यबस्थापनमा फोहोर गर्नेले तीर्नु पर्दछ (Polluters Pay Principle) भन्ने विश्वव्यापी स्थापित मान्यता रहेको छ । सरसफाई तथा फोहरमैला व्यवस्थापन आम नागरिक, नगरवासी, सबै संघसंस्था, उद्योग ब्यवसाय, सरकारी गैरसरकारी एवं नीजी क्षेत्र सबैको सामूहिक प्रयासबाट सम्पन्न हुने बिषय भएकाले सबै पक्षबाट सहयोग पुऱ्याउनु पर्ने छ । फोहरमैला व्यवस्थापनको सबैभन्दा प्रभावकारी उपाय नै स्थानीय जनताको प्रत्यक्ष संलग्नता हो । समुदायको संलग्नता विभिन्न किसिमले हुन सक्दछ जसमध्ये सहभागिता भनेको सेवा उपभोग गरे वापत मासिक रुपमा शुल्क तीर्ने परिपाटी पनि हो । सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु संचालन गर्दा सेवाग्राहीहरुले तपशीलमा उल्लेख गरिए बमोजिम सेवा शुल्क तीर्नु पर्नेछ ।

**मासिक शुल्क विवरण**

| क्र.सं. | विवरण | शुल्क दर रु. |
|---|---|---|
| १ | एक परिवार बस्ने घर साढेदूई  तलासम्म | १०० |
| २ | साढे दूई  तला भन्दा माथी प्रति तला थप | ५० |
| ३ | कस्मेटिक, पत्रिका, लत्ताकपडा, पसल  आदी ब्यवसाय (१५० स्क्वायर फिट सम्म) | १०० |
| ४ | किराना , खाद्यान्न, फेन्सी पसल  आदि ब्यवसाय (१५० स्क्वायर फिट सम्म) | १०० |
| ५ | किराना, खाद्यान्न, फेन्सी पसल आदी ब्यवसाय (१५० स्क्वायर फिट भन्दा ठुलो) | १०० देखि २०० सम्म |
| ६ | चिया, कफि, केक, तथा बेकरी पसल  ब्यावसाय (१५० स्क्वायर फिट भन्दा सानो) | १०० |
| ७ | तरकारी, चिया, कफि, केक तथा बेकरी र साईबर आदि (१५० स्क्वायर फिट भन्दा ठुलो) | ३०० |
| ८ | फलफुल तथा जुस पसल ब्यवसाय (१५० स्क्वायर फिट भन्दा सानो) | १५० |
| ९ | फलफुल तथा जुस पसल ब्यवसाय (१५० स्क्वायर फिट भन्दा ठुलो) | २०० देखि ४०० सम्म |
| १० | सैलुन, ब्युटिपार्लर ब्यवसाय तथा औषधि पसल (१५० स्क्वायर फिट भन्दा सानो) | ३०० |
| ११ | सैलुन, ब्युटिपार्लर ब्यवसाय तथा औषधि पसल (१५० स्क्वायर फिट भन्दा ठूलो) | ४०० देखि ५०० |
| १२ | औषधि पसल ल्याव सहित (१०० स्क्वायर फिट भन्दा ठुलो) | ४०० |
| १३ | मासु पसल ब्यवसाय बधशाला नभएको | ३०० |
| १४ | बधसाला सहित मासु पसल ब्यवसाय (सानो) | ५०० देखि १००० सम्म |
| १५ | बधसाला सहित मासु पसल ब्यवसाय ट्रक या ट्रयाक्टरबाट प्रति टिप सानो | ३००० |
| १६ | निजि स्कुलहरुको हकमा | |
| क | नर्सरी देखि ५ कक्षा सम्म (होस्टेल नभएको) | ५०० |

घोडाघोडी स्थानीय राजपत्र

| | | |
|---|---|---|
| ख | नर्सरी देखि ५ कक्षा सम्म (होस्टेल भएको) | १००० |
| ग | नर्सरी देखि १० कक्षा सम्म (होस्टेल नभएको) | १००० देखि १५०० |
| घ | नर्सरी देखि १० कक्षा सम्म (होस्टेल भएको) विद्यार्थी संख्या ४०० सम्म | १५०० देखी २०००सम्म |
| ङ | नर्सरी देखि १० कक्षासम्म (होस्टेल भएमा) विद्यार्थी संख्या ४०० भन्दा माथि | २००० देखि २००० सम्म |
| च | माध्यामिक १० जोड २ सम्म (होस्टेल नभएमा) | १००० |
| छ | माध्यामिक १० जोड २ सम्म (हास्टेल भएमा) | १५०० |
| १७ | बैक, सरकारी स्कुल, क्याम्पस र कार्यालयहरु र विदेशि बसोबास गर्ने घरहरुमा | ५०० देखि १००० सम्म |
| १८ | हाई भिजन हलहरु | १००० |
| १९ | सिनेमा हलहरु | १००० देखि२००० सम्म |
| २० | उद्योग ,कल कारखानाहरु, कार्पेट, गार्मेन्ट | १००० देखि३००० सम्म |
| २१ | डिपार्टमेन्ट स्टोर्स | २००० |
| २२ | पार्टि प्यालेस/भोज आयोजना स्थल प्रति रिक्सा | ६०० |
| २३ | पार्टि प्यालेस/भोज आयोजना स्थल प्रति निशान ट्रक | ५००० |
| २४ | सुपर स्टोर (आकार हेरी) | १००० देखि ५००० सम्म |
| २५ | अस्पताल /नर्सिङहोम (चिकित्सा जन्य हानिकारक फोहर बाहेक) | १००० देखि २००० सम्म |
| २६ | होटेल व्यवसाय तर्फ | १००० देखि १५०० सम्म |
| २७ | सुन चाँदी व्यवसाय | १०० देखि ५०० सम्म |
| २८ | ग्यारेज तथा वर्कसपहरु | १००० देखी १५०० सम्म |

**नोट :**

(क) माथि उल्लेख भएका भन्दा अन्यको हकमा फाहोर उत्सर्जन मात्राको आधारमा साझेदार निकाय र सेवाग्राही बीचको आपसी सहमतिमा निर्धारण गर्नेछ ।

(ख) घना बस्ती र मूख्य सडकका क्षेत्रमा साझेदार निकाय र ग्राहकबीच फोहर उत्सर्जनको अवस्था हेरी आपसी सहमतिबाट रेट निर्धारण हुनेछ ।

(ग) अस्पताल जन्य (हानिकारक) फोहरमैला अस्पताल आफैले व्यवस्थापन गर्नुपर्नेछ । तर निर्मलीकरण गरेको फोहरमैला भएमा उत्सर्जनको मात्रा अनुसार आपसी सहमतिमा दररेट निर्धारण गरिनेछ ।

(घ) मूल्य बृद्धि सँगै शुल्क समायोजन गर्दै जानुपर्ने हुँदा प्रत्येक २ बर्षमा न्यूनतम १०% ले शुल्क बृद्धि हुन सक्नेछ ।

(ङ) वडा कार्यालयले आर्थिक अवस्था कमजोर भनी सिफारिश गरेको पत्रको आधारमा तोकिएको दररेटमा ५०% सम्म छुट हुन सक्नेछ ।

(च) घरको फोहरलाई घरमा नै ब्यबस्थापन गर्ने र ब्यबस्थापन नहुनेहरु मात्र प्रशोधन केन्द्रमा पठाउने सेवाग्राहीको लाग्ने शुल्कमा ३३ प्रतिशत सम्म छुट हुन सक्ने छ ।

(छ) ग्रामीण क्षेत्रमा फोहर संकलन कार्य वडा कार्यालयको समन्वयमा साझेदार निकायले गर्ने छ । त्यस्तो क्षेत्रमा फोहर ब्ययस्थापन गर्ने विधी साझेदार निकाय र नगरपालिकाको सन्वयमा सिकाईने र सो अनुरुप गरी घरमै ब्यबस्थापन गर्ने क्षेत्रमा शुल्क नलाग्ने ब्यबस्था नगरपालिकाले निर्धारण गर्ने छ ।

**१२.सरफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी कसूर गरेको मानिने**

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने ।

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएका फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने ।

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएका कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने,राखिएको स्थानबाट हटाउन वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने ।

(घ) अनुमति नलिई फोहरमैला व्यवस्थापनका कार्य गर्ने ।

(ङ) फोहरमैला व्यवस्थापनका लागि प्रदान गरिएका अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने ।

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमका हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने ।

(छ) घर, कम्पाउण्ड तथा परिसरका फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा। थुपार्ने

(ज) फोहरबाट निस्केका दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित। गराउने

(झ)सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिकाले तोकको समय,सफाई गर्दाका समयमा त्यस्ता ठाउँमा कनैुपनि किसिमका सवारी साधन बिसाउन वा बिसाइ राखेका सवारी साधन हटाउन इन्कार गर्ने ।

(ञ) नगरपालिकाले तोकेका ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमका हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्न वा निष्काशन गर्ने वा गराउने ।

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्नेवा निष्काशन गर्ने वा गराउने ।

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फाहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने ।

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने ।

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्ती भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएका कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने ।

(त) प्रचलित विपरीत रासायनिक विषादीको आयात गर्न वा म्याद नाघेका (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने ।

(थ) स्रोतमै फोहरमैलाका पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने ।

(द) मरेका वा मारेका पशुपंक्षी र सो को लागी, प्वाँख, हड्डी तथा माछाका कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

**१३.बुंदा नं. १२ को कसूरमा हुने सजाय सम्बन्धी व्यवस्था :**

(१) खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँ सम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकका लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्नलाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिबाना गरी अनुमति नलिए सम्म त्यस्ता कार्यगर्न रोक लगाउनेछ ।

(५) खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्ता वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेका भए त्यस्ता क्षति बापतका रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(७) खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले तीस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

गोदावरी स्थानीय राजपत्र

(८) खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाा सम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले दश हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(१०) खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँ देखि दश हजार रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।

(११) खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैया जरिबाना गर्न सक्नेछ ।

**१४.सेवा सुविधा रोक्का गर्न सकिनेः**

तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाका अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नका लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ । उक्त ब्यहोरा लेखी आएमा त्यस्ता सेवा सुविधा रोक्न सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय

अधिकृत

घोडाघोडी स्थानीय राजपत्र